मितिः २०७७/३/३१

## प्रेस विज्ञप्ति

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिदै आएको बैदेशिक अध्ययन अनुमति पत्र (No Objection Certificate) को आवेदन अनलाइन पद्धतिबाट गरिने कार्यको शुभारम्भ आज मिति २०७७।०३।३१ गते शिक्षा बिज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेलज्यूबाट भयो । अब उप्रान्त नो अबजेक्सन लेटर लिन चाहने आवेदक बिद्यार्थीहरुले बैदेशिक अध्ययन अनुमति शाखा, केशरमहल नआई सिधै www.noc.moest.gov.np मार्फत अनलाईन बाटै आवेदन गरी आवेदन पत्र स्वीकृत भए-नभएको जानकारी गराइने व्यवस्था गरिएको छ। उक्त जानकारी प्राप्त भएपछि निवेदकले तोकिए बमोजिमको बैंकमा राजस्व दस्तुर जम्मा गरे पश्चात नो अबजेक्सन लेटर लिन आउने मिति ईमेल मार्फत जानकारी गराईने छ। जानकारी प्राप्त भए पश्चात तोकिएको समयमा बैदेशिक अध्ययन अनुमति शाखा केशरमहलमा आएर संकलन गर्न सकिने व्यहोरा सूचित गरिन्छ।

यो व्यवस्थाबाट सेवाप्रवाहमा सहजता हुनुका साथै बिदेशी विश्वबिद्यालय, कलेज वा शैक्षिक संस्थाहरुमा शुल्क पठाउने कार्यमा सहयोग पुर्याउदै आएका नेपाल स्थित विभिन्न बैंकहरुलाई No Objection Certificate प्रमाण पत्र पहिचान गर्न सहज हुने र अध्यागमन कार्यालयलाई वास्तविक विद्यार्थीको सत्यापन गर्न यस प्रणालीले सहयोग गर्नेछ।

दिव्या दवाडी
उप-सचिव / सह-प्रवक्ता
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय